# सर्वोच्च अदालत



# कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन

(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)

२०७५

# कसूरदार बालबालिकाको सजाय निर्धारण सामान्य मार्गदर्शनको आवश्यकता

मुलुकको सामान्य फौजदारी कानूनको रुपमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले तथा विशेष कानूनको रुपमा फौजदारी कसूर सम्बन्धी विभिन्न कानूनहरुले अवाञ्छित कार्यहरुलाई अपराधिकरण गरी सजायको व्यवस्था गरेको छ। साथै सजाय निर्धारण सम्बन्धी सामान्य कानूनको रुपमा रहेको फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ ले कसूरदारलाई सजाय निर्धारण सम्बन्धी विस्तृत व्यवस्था गरेको छ।

अपराध संहिताको दफा ५ मा कुनै खास कामलाई कुनै विशेष ऐनद्वारा छुट्टै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो कसूरका सम्बन्धमा सोही ऐन लागू हुनेछ भन्ने व्यवस्था रहेको छ भने फौजदारी कार्यविधि सहिताको दफा ३ मा कुनै खास कसूरको अभियोजन, अनुसन्धान, पूर्पक्ष, सुनुवाई, फैसला कार्यान्वयन वा अन्य कुनै कारवाही वा मुद्दा हेर्ने अधिकारक्षेत्रका सम्बन्धमा छुट्टै ऐनद्वारा विशेष व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ र त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले असर पार्ने छैन भन्ने व्यवस्था रहेको छ।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न विशेष ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको र सोही ऐनको दफा ८४ मा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा कतिपय अवाञ्छित कार्यहरुलाई कसूर घोषित गरी अपराध संहिता तथा प्रचलित कानून बमोजिम हुने सजायभन्दा फरक मात्राको सजायको व्यवस्था भएको छ भने बालबालिका उपरको मुद्दामा मुद्दा हेर्ने अधिकारी लगायत विभिन्न विषयमा फौजदारी कार्यविधि सहिता तथा सजाय निर्धारण ऐनभन्दा फरक व्यवस्था रहेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ मा बाल न्याय सम्पादन सम्बन्धी विशिष्ट सिद्धान्तहरु, मुद्दाको सुनुवाई सम्बन्धमा बालबालिकाको विशेष अधिकार, बाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराहरु, उमेरलाई आधार मानी बालबालिकाको आपराधिक दायित्व निर्धारण, बालबालिकाको उमेर कायम गर्ने आधार, बालबालिका दोषि ठहर भएको कसूरजन्य कार्यमा सजाय निर्धारण र कार्यान्वयन गर्दा विचार गर्नु पर्ने थप विषयहरु समेत व्यवस्था भएको सन्दर्भमा कसूरजन्य कार्यमा कसूरदार ठहर भएका बालबालिकालाई सजाय निर्धारण गर्दा अन्य कसूरदारको लागि निर्धारण गरिएका विषयगत मापदण्डमा रहेका सबै व्यवस्थाहरु सान्दर्भीक नहुने तथा बालबालिकाको हकमा कतिपय विषयमा थप कुराहरुसमेत विचार गर्नुपर्ने भएको हुँदा सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी कसूरदार ठहर भएका बालबालिकालाई उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो **कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** बनाएको छ।

## सामान्य मार्गदर्शनको प्रयोग

- यो सामान्य मार्गदर्शन कसूरदार ठहर भएका बालबालिकालाई सजाय निर्धारण गर्दा मार्गदर्शकको रुपमा रहनेछ।
- यो सामान्य मार्गदर्शन १८ वर्ष उमेर पूरा नगरेको कसूरदारलाई सजाय निर्धारण गर्दा प्रयोग हुनेछ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरुमा रहेका सम्बन्धित व्यवस्थाहरुलाई समग्रमा मध्यनजर गरी कसूरदार ठहर भएका बालबालिकालाई हुन सक्ने सजायमा छूटलाई समेत समावेश गरिएको छ।
- कुनै मुद्दामा ठहर भएको कसूरदार बालबालिका रहे/भएमा निजलाई सजाय निर्धारण गर्दा सम्बन्धित विषयगत सामान्य मार्गदर्शन अतिरिक्त परिपूरकको रुपमा प्रयोग गर्ने गरी यो सामान्य मार्गदर्शन तयार गरिएको छ।

# विषय सूची


| भाग | कसूर | पृष्ठ |
|---|---|---|
| भाग-१ | बाल न्याय सम्बन्धी सिद्धान्तहरु | ६ |
| भाग-२ | मुद्दाको सुनुवाई सम्बन्धमा बालबालिकाको अधिकार | ७ |
| भाग-३ | बाल न्याय सम्पादन गर्दा विचार गर्ने कुरा र दिशान्तर | ८ |
| भाग-४ | बालबालिकाको आपराधिक दायित्व | ९ |
| भाग-५ | बालबालिकाको उमेर कायम गर्ने आधार | १० |
| भाग-६ | बालबालिकालाई सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु | ११ |
| भाग-७ | कसूरदार बालबालिकालाई भएको सजायको कार्यान्वयन | १२ |

## **संक्षिप्त शब्द सूची**

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| बालबालिका सम्बन्धी ऐन- | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |

## भाग-१

## बाल न्याय सम्बन्धी सिद्धान्तहरु

कानूनको विवादमा परेका बालबालिका उपरको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा बाल अदालतले देहायका आधारमा गर्नु पर्नेः-

- अपराध संहिताको दफा १३ बमोजिम दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने।
- अपराध संहिताको दफा २८ बमोजिम कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैंले त्यस्तो कसूर गरे सरह सजाय हुने।
- बालबालिका सम्बन्धी ऐनको दफा १६ बमोजिम बाल अदालत लगायत बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई बालमैत्री प्रकृया अपनाउनु पर्ने।
- बालबालिका सम्बन्धी ऐनको दफा २६ को उपदफा (२) बमोजिम कसूर जन्य कार्यको अभियोग लागेको बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नभएसम्म निर्दोष रहेको मानिने र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर नलगाइने।
- बालबालिका सम्बन्धी ऐनको दफा ३० बमोजिम बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाको सुरु कारवाही, सुनुवाई र किनारा बाल अदालतबाट गर्नु पर्ने,
- बाल अदालत गठन नभएसम्म बालबालिकाले गरेको कसूरजन्य कार्य सम्बन्धी मुद्दाको सुरु कारवाही, सुनुवाई र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने,
- बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा वाल विशेषज्ञ सदस्य रहने।
- बालबालिका सम्बन्धी ऐनको दफा ३२ बमोजिम मुद्दाको कारवाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै सुरु कारवाही, सुनुवाई र किनारा गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ३४ बमोजिम बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बाल मैत्री वातावरणमा मुद्दाको सुनुवाई गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ३५ बमोजिम बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरजन्य कार्यको आरोप लागेको बालबालिका उपरको मुद्दाको सुनुवाई तथा कारवाही बन्द इजलासमा गर्नु पर्ने,
- बालबालिका सम्बन्धी ऐनको दफा ८० बमोजिम बालबालिकाको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म वाल अदालतले त्यस्तो मुद्दाको कारवाही र किनारा नगर्ने र कानुन व्यवसायी नियुक्त नभएको अवस्थामा वैतानिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने,
- बाल न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको जानकारी लिई अनुशरण गर्नु पर्ने।

## भाग- २

## मुद्दाको सुनुवाई सम्बन्धमा बालबालिकाको अधिकार

(क) बालबालिका सम्बन्धी ऐनको दफा २६ बमोजिम मुद्दाको सुनुवाईका सम्बन्धमा बालबालिकालाई देहायका अधिकारहरु प्राप्त हुनेः-

- आफू विरुद्ध लागेको आरोप, सो उपरको कारवाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत प्राप्त गर्ने,
- आफू विरुद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,
- बाल न्यायको सबै प्रकृयामा आवश्यकता अनुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,
- बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,
- बाल न्याय सम्पादनको प्रकृयामा गोपनीयता प्राप्त गर्ने,
- बालमैत्री वातावरणमा अनुसन्धान अभियोजन तथा सुनुवाई हुने,
- न्यायिक प्रकृयाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रुपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,
- मुद्दाको सुनुवाईमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु, आमा, संरक्षकलाई सहभागी गराउने।

(ख) सजाय निर्धारण ऐनको दफा १२ को उपदफा (४) बमोजिम सजाय पूर्वको प्रतिवेदन प्राप्त भएपछि अदालतले त्यस्तो प्रतिवेदन सम्बन्धित सरकारी वकिल, कसूरदार र निजको कानून व्यवसायीलाई तथा कसूरदार बालबालिका भए निजको संरक्षकलाई उपलब्ध गराउनु पर्ने।

(ग) फौजदारी कार्यविधि संहिताको दफा १७० को उपदफा (१) को खण्ड (घ) बमोजिम अदालतले बालबालिका पक्ष रहेको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा प्राथमिकता दिनु पर्ने।

(घ) बालबालिका सम्बन्धी ऐनको दफा ८२ बमोजिम बाल अदालत बाहेक अन्य अदालतमा परेको बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा प्राथमिकता दिनु पर्ने।

## भाग-३

## बाल न्याय सम्पादन गर्दा विचार गर्ने कुरा र दिशान्तर

(क) बालबालिका सम्बन्धी ऐनको दफा २० बमोजिम बाल न्याय सम्पादन गर्दा देहायका कुराहरु विचार गर्नु पर्नेः-

- बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,
- बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,
- बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यता अनुरुपको बोली बचन र व्यवहार गर्नु पर्ने,
- बालबालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकता अनुसार दोभाषेको सहयोग लिने ।

(ख) बालबालिका सम्बन्धी ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) र उपदफा (२) बमोजिम बाल अदालतले ३ वर्ष वा सोभन्दा कम कैदको सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सक्ने।

## भाग-४

## बालबालिकाको आपराधिक दायित्व

अपराध संहिताको दफा ४५ तथा बालबालिका सम्बन्धी ऐनको दफा ३६ बमोजिम बालबालिकाको आपराधिक दायित्व देहाय बमोजिम हुनेः-

| बालबालिकाको उमेर | आपराधिक दायित्व |
|---|---|
| १० वर्षभन्दा कम | सजाय नहुने |
| १० वर्ष वा सोभन्दा माथि र १४ वर्षभन्दा कम | ▪ जरिवाना हुने कसूर गरेको भए सम्झाइ बुझाई छाडिने<br>▪ कैद हुने कसूर गरेको भए ६ महिनासम्म कैद गर्ने वा १ वर्षसम्म बालसुधार गृहमा राखिने |
| १४ वर्ष वा सोभन्दा माथि र १६ वर्षभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको आधा सजाय |
| १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष वा सोभन्दा कम | उमेर पुगेको कसूरदारलाई हुने सजायको दुई तिहाई सजाय |

## भाग-५

## बालबालिकाको उमेर कायम गर्ने आधार

(क) बालबालिका सम्बन्धी ऐनको दफा ८३ बमोजिम बालबलिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मान्नु पर्नेः-

- अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्ममिति,
- अस्पतालबाट जारी भएको जन्मदर्तामा जन्ममिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा  उल्लेख भएको जन्ममिति,
- स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्र  नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति,
- त्यस्तो प्रमाणपत्र वा जन्ममिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
- सो पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु, आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा अन्य यस्तै सम्बद्ध प्रमाण।

**भाग- ६**

**बालबालिकालाई सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरु**

(क) सजाय निर्धारण ऐनको दफा १६ बमोजिम बालबालिकालाई सजाय निर्धारण गर्दा देहायका कुराहरुलाई समेत विचार गर्नु पर्नेः–

- निजको सर्वोत्तम हित,
- कसूरको गम्भीरता र दोषको मात्रा,
- बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानि नोक्सानी र कसूर गर्नुको उद्देश्य समेतका कुरा सहितको निजको व्यक्तिगत परिस्थिति,
- पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,
- अपराधप्रतिको पश्चाताप,
- असल र उपयोगी जीवन जिउने चाहना ।
- सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु नहुने।

(ख) सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (५) बमोजिम बालबालिकाको हकमा सजाय निलम्बन गर्दा निजको उमेर तथा कसूर गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी देहाय बमोजिम निर्णय गर्न सकिनेः–

- परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा सम्झाउन तथा बुझाउन लगाउने,
- सेवा प्रदान गर्ने संघसंस्था वा व्यक्तिहरुबाट बालबालिकालाई अभिमुखीकरण गर्न लगाउने,
- एकल, सामुहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन लगाउने,
- परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरु पालना गर्ने गरी निश्चित अवधिका लागि निजहरुको संरक्षकत्वमा राख्न लगाउने।

(ग) बालबालिका सम्बन्धी ऐनको दफा ४१ बमोजिम उक्त ऐन वा प्रचलित कानून बमोजिम पटके कायम गर्दा नावालिग अवस्थामा गरेको कसूरजन्य कार्यको गणना नगरिने र बालबालिकाले पटक पटक कसूरजन्य कार्य गरे पनि पटकेको आधारमा निजलाई थप सजाय नगरिने।

(घ) अपराध संहिताको दफा ४६ को उपदफा (३) बमोजिम कसूरदार बालबालिकालाई जरिवाना बापत कैद गर्दा देहाय बमोजिम गर्नु पर्नेः-

- जरिबाना मात्र हुने वा कैद वा जरिबानामध्ये कुनै एक सजाय हुने कसूरमा जरिबाना नतिरेकोमा कैद नगरी जरिबाना मिनाहा गर्नु पर्ने,
- कैद वा जरिबाना वा दुवै सजाय हुने कसूरमा जरिबाना मात्र सजाय भएकोमा त्यस्तो जरिबाना नतिरे बापत कैद सजाय निर्धारण गर्नु पर्दा तीन महिनाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने,
- चौध वर्ष उमेर पुगेको तर अठार वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई जरिबाना नतिरे बापत कैद सजाय निर्धारण गर्नु पर्दा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई गर्नु पर्ने कैद सजायको आधाभन्दा बढी नहुने गरी कैद गर्नु पर्ने ।

(ङ) सजाय निर्धारण ऐनको दफा ३१ बमोजिम १८ वर्षभन्दा कम उमेरको बालबालिका कसूरदारलाई कैद बापत शारीरिक श्रममा लगाउन नसकिने।

## भाग-७

## कसूरदार बालबलिका उपरको सजायको कार्यान्वयन

(क) बालबालिका सम्बन्धी ऐनको दफा ३६ को उपदफा (५) बमोजिम कसूर बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिलाई विचार गरी कसूरदार बालबालिकाको हकमा देहायको कुनै उपयुक्त निर्णय गर्नेः-

- कुनै शर्त तोकी वा नतोकी सजाय स्थगन गर्ने,
- परिवारका सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन वा बुझाउन लगाउने,
- एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,
- परिवारका सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्त पालना गर्ने गरी निश्चित अवधिका लागि उनीहरुसँगै राख्न लगाउने,
- सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,
- निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने।

(ख) फौजदारी कार्यविधि संहिताको दफा १५४ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई कैद सजायको भुक्तानीको लागि नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्ने।

### सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश, मोरङ्ग जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |